## मिति २०८१/०२/०४ गतेको नगरकार्यपालिकाको बैठकका प्रस्तावहरु

१. मध्यमकालिन खर्च संरचना निर्माण सम्बन्धमा ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुझाव सम्बन्धमा ।

३. शिनपा १४ वाणगंगा खोलामा डम्पीङ्ग नदीजन्य पदार्थ हटाउने सम्बन्धमा ।

४. शिक्षा समिति गठन सम्बन्धमा ।

५. आवधिक शिक्षा योजना निर्माण सम्बन्धमा ।

६. विभिन्न कार्यविधि/दिग्दर्शन सम्बन्धमा ।

७. आ.व. २०८१/८२ को नगरसभाको नीति तथा कार्यक्रम सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

## बैठकका निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहहरुको मध्यमकालिन खर्च संरचना अनिवार्य बनाउनु पर्ने कानुनी व्यवस्था रहेकोमा यस शितगंगा नगरपालिकाको आ.व.२०७९/०८० देखि २०८१/०८२ सम्म समेटिएको मध्यमकालिन खर्च संरचना निर्माण भएता पनि चक्रिय प्रणाली अनुसार प्रत्येक वर्ष वनाउदै जानु पर्नेमा सो अनुसार हुन नसकेकोले यस नगरपालिकाको आ.व.२०८१/०८२ देखि २०८३/०८४ सम्मको मध्यमकालिन खर्च संरचना निर्माण गर्ने निर्णय गरियो । साथै आजको बैठकमा मध्यमकालिन खर्च संरचना निर्माण प्रकृयाको विषयमा छलफल तथा अभिमुखिकरण कार्य समेत सम्पन्न भएको छ । उक्त मध्यमकालिन खर्च संरचना निर्माणको लागि तपशिल अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| सवै शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य सचिव |

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५५१ मिति २०८१/१/०६, च.नं. ५६४ मिति २०८१/१/२० र च.नं. ५६५ मिति २०८१/१/२० का पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पत्रहरु संलग्न राखी सुझाव कार्यान्वयनको लागि भनि लेखि आएका पत्रहरु आजको बैठकमा छलफल भयो । प्राप्त सुझावलाई मध्यनजर गर्दै उक्त सुझावहरुको सवैले पालन गरी सोही बमोजिम गर्ने गराउने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा नगरपालिका वडा नं. १४ को बाणगंगा खोलाको मुन्द्रिवासको पुच्छार र पावराको माथिल्लो भागमा खोलाको बिचमा ठूलो मात्रामा नदिजन्य पदार्थ जम्मा हुँदा उक्त खोला

प्रमुख प्रशासकीय अधिकृत

उकास भई खोलाले पावरा तर्फको जमिन र मुन्द्रिवास तर्फ निर्माणाधिन प्राथमिकता प्राप्त सडक कटान गर्ने सम्भावन रहेकोले उक्त नदिजन्य पदार्थ हटाउनु पर्ने आवश्यक्ता महशुस भई स्थानीय बासीले दिएको निवेदन वडा कार्यालयको पत्र मार्फत आएकोमा मिति २०८१/२/३ गते बसेको नगर स्तरीय विपद् व्यवस्थापन समितिको बैठकले उक्त नदिजन्य पदार्थ मेशिन प्रयोग गरी हटाउने व्यवस्थापनको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध गर्ने भन्ने निर्णय समेत भएकोले उक्त पावराको माथिल्लो क्षेत्र र मुन्द्रिवासको पुच्छार क्षेत्र खोलाको विच भागमा थुप्रिएको नदिजन्य पदार्थ हटाउनु पर्ने भएको हुँदा नगरपालिकाको प्राविधिकको प्रतिवेदन अनुसारको परिमाणको नदिजन्य पदार्थ मेशिन प्रयोग गरी हटाउने व्यवस्थाको लागि जिल्ला विपद् व्यवस्थापन समिति अ.खा.मा अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको नगर शिक्षा समिति आगामी कार्यपालिका बैठकबाट गठन निर्णय गरियो ।

**<u>निर्णय नं. ५</u>**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा हाल यस नगरपालिकाको आवधिक नगर शिक्षा योजना नबनेकोले नगर शिक्षा योजना बनाउने निर्णय गरियो । साथै आजको बैठकमा नगर शिक्षा योजना निर्माण प्रकृयाको विषयमा छलफल तथा अभिमुखिकरण कार्य समेत सम्पन्न भएको छ । उक्त आवधिक नगर शिक्षा योजना निर्माणको क्रममा हुने खर्च चालु आ.व.को शिक्षा तर्फ सर्शत अनुदानमा प्राप्त रकमबाट खर्च गर्ने र नपुग हुने रकम नगरपालिकाले कन्टिन्जेन्शीबाट खर्च गर्ने गरी तपशिल अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| महिला वालवालिका जे.ना. शाखा प्रमुख | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

साथै आवश्यकता बमोजिम विज्ञलाई समेत आमन्त्रण गर्न सकिने छ ।

**<u>निर्णय नं. ६</u>**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गत विगतमा बनेका कार्यविधिहरुमा केही संसोधन गर्नु पर्ने र केही कार्यविधि, निर्देशिका तथा दिग्दर्शनहरु नयाँ निर्माण गर्नु पर्ने भई आजको बैठकमा पेश भएका कार्यविधि, निर्देशिका तथा दिग्दर्शनहरुको विषयमा छलफल भई तपशिल बमोजिमका कार्यविधि, निर्देशिका र दिग्दर्शनहरु स्वीकृत तथा संसोधन गर्ने निर्णय गरयो ।

**<u>तपशिल</u>**

**<u>स्वीकृत गर्ने कार्यविधि तथा दिग्दर्शनहरु</u>**

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

१. निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८१

२. शितगंगा नगरपालिकाको बेरुजु फर्छ्यौट निर्देशिका, २०८१

३. शितगंगा नगरपालिकाको वार्षिक योजना/कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन, २०८१

४. शितगंगा नगरपालिकाको राजश्व सुधार योजना निर्माण प्रारुप, २०८१

**कार्यविधिमा संसोधन**

१. ८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने कार्यविधि २०७९ मा संसोधन गरी कार्यविधिको परिच्छेद ४ को कार्यान्वयन प्रकृयामा (घ) पछी देहाय बमोजिम थप गर्ने,

(ङ) प्रत्येक वर्षको बैशाख १ गते देखि चैत्र मसान्तसम्म ८४ वर्ष उमेर पुरा भएका जेष्ठ नागरिक वा निजका संरक्षकहरुले सम्मान कार्यक्रमका लागि निवेदन दिन सक्नेछन् । त्यसरी प्राप्त निवेदन चालु आ.व.को कार्यक्रमका लागि योग्य हुनेछन् भने चालु आ.व.को बैशाख १ गते देखि असार मसान्त सम्म ८४ बर्ष पुग्ने जेष्ठ नागरिकहरु अर्को आ.व.को कार्यक्रममा समावेश हुनेछन् । आ.व.०७९/८० मा ८४ बर्ष पुगेका तर रकम प्राप्त नगरेका जेष्ठ नागरिकहरुको हकमा चालु आ.व.०८०/०८१ मा रकम दिईने छ ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आगामी पन्ध्रौ नगरसभा गर्ने सन्दर्भमा नगरसभामा पेश गर्ने नीति तथा कार्यक्रमहरु निर्माण गर्ने सन्दर्भमा कार्यालयबाट नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत समेतले ड्राप्ट बनाई आगामी कार्यपालिका बैठकमा पेश गरी छलफल गर्ने ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**(क)** शितगंगा नगरपालिका वडा नं. १४ मा निर्माणाधिन विक्रमसोता दमार मन्द्रे सुपाखोला खाँचिकोट नुवाकोट अर्घाकोट बल्कोट सडक अर्न्तगत मुन्द्रिवास कुसुमघाट सडक खण्ड चौडा गर्ने क्रममा निस्कने अनावश्यक सामाग्री (ढुङ्गा/माटो) उक्त भेगमा फाल्न नमिल्ने भएकोले निर्माण कम्पनीले लाग्ने दस्तुर बुझाई बाहिर लैजान अनुमती दिन भनि रायमाझी-प्रदिप जेभी बुटवल १० ले निवेदन दिएकोले प्रत्येक गाडीको नियमानुसारको रोयल्टी वडा नं. १४ को वडा कार्यालयमा बुझाई बाटो खन्दा निस्कने ढुङ्गा माटो बाहिर लैजान अनुमती दिने निर्णय गरियो ।

**(ख)** शितगंगा नगरपालिका वडा नं. ११ र १२ मा पर्ने गुडरुङ्ग खोला रानीकुवा घाटमा निर्माणाधिन मोटरेवल पुल क्षेत्रमा जम्मा भएको नदिजन्य पदार्थ तत्काल हटाउनु पर्ने भई नगर तथा जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय समेत भएकोमा उक्त नदिजन्य पदार्थ मेशिन प्रयोग गरी हटाउनु पर्ने भएकोले मिति २०८१/२/३ गतेको नगर विपद् व्यवस्थापन समितिबाट समेत निर्णय भएकोले उक्त शिनपा ११ र १२ मा

प्रमुख प्रशासकीय अधिकृत

पर्ने गुड्रुङ्गखोलाको रानीकुवा घाट क्षेत्रमा ठूलो मात्रामा जम्मा भएको नदिजन्य पदार्थ मेशिन प्रयोग गरी हटाउने व्यवस्थाको लागि मेशिन प्रयोग गर्न जिल्ला विपद् व्यवस्थापन समितिमा अनुमती माग गर्ने ।

**(ग)** शितगंगा नगरपालिका वडा नं. ११ मा पर्ने खयरभट्टी खोलाले खयरभट्टी गाउँको तल्लो किनाराको बस्ती कटान गरिरहेकोले उक्त कटान गरिरहेको जग्गा तथा बस्ती संरक्षणको लागि खोलाको बहाव परिवर्तन गर्न सो क्षेत्रको खोलाको विचमा ठूलो मात्रामा डम्पीङ्ग रहेको ठूला/ठूला ढुङ्गा हटाई बस्ती तर्फ लगाई संरक्षण गर्न मेशिन प्रयोग गर्नु पर्ने भई मिति २०८१/२/३ गतेको नगर विपद व्यवस्थापन समितिबाट समेत निर्णय भएकोले शिनपा ११ खयरभट्टी गाउँको पुच्छारमा खोलाको विचमा रहेको ठूलो मात्रामा डम्पीङ्ग नदिजन्य पदार्थ मेशिन प्रयोग गरी हटाउने व्यवस्थाको लागि मेशिन प्रयोग गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुमती माग गर्ने ।

**(घ)** शितगंगा नगरपालिका वडा नं. १४ मा पर्ने वाणगंगा खोलाको जरिकुना क्षेत्रको नदिजन्य पदार्थ उत्खनन् संकलन गरी गौतमबुद्ध विमान स्थलमा लैजाने निर्माण कम्पनी ASHISH-KSHEMADEVI-BUDDHA HIMALI J/V सँग सम्झौता भई तोकिएको क्षेत्रमा कार्य भईरहेको भएता पनि सोही क्षेत्रमा खोलाको बिच भागमा रहेका ठूला/ठूला ढुङ्गाको कारण नदिजन्य पदार्थ थुप्रिदा विकम पुच्छारको जग्गा कटान भइरहेको र आगामी वर्षादले झनै समस्या निम्त्याउन सक्ने सम्भावना रहेकोले उक्त जरिकुना क्षेत्रको वाणगंगा खोलाको बिच भागबाट खोला बगाउन मेशिन प्रयोग गरी नदिजन्य पदार्थ हटाउने र ठूला/ठूला ढुङ्गा खोलाको दुबै तर्फ किनारामा लगाउने व्यवस्थाको लागि मेशिन प्रयोग गर्न जिल्ला विपद् व्यवस्थापन समितिमा अनुमती माग गर्ने भनि मिति २०८१/२/३ गतेको नगर स्तरिय विपद् व्यवस्थापन समितिबाट समेत निर्णय भएकोले शिनपा १४ जरिकुना क्षेत्रमा खोलाको बिच भागमा जम्मा भएको नदिजन्य पदार्थ हटाई खोला च्यानलाईज गर्न मेशिन प्रयोगको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा अनुमती माग गर्ने ।

**(ङ)** शितगंगा नगरपालिका वडा नं. ११ मा रहेको सुकवेल खोलाको सुकवेल गाउँको प्रदेश सरकारबाट बनाएको खानेपानी योजनाको टंकीलाई क्षति पुऱ्याउन लागेको र सो क्षेत्रको जग्गा कटान गरिरहेकोले उक्त क्षेत्रको नदिजन्य पदार्थ मेशिन प्रयोग गरी हटाउने र ठूला/ठूला ढुङ्गा टंकी संरक्षण तथा जग्गा कटान क्षेत्र तर्फ लगाउने गरी संरक्षणको व्यवस्था मिलाउन मेशिन प्रयोगको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा अनुमती माग गर्ने भनि मिति २०८१/२/३ गतेको नगर स्तरिय विपद् व्यवस्थापन समितिबाट समेत निर्णय भएकोले शिनपा ११ सुकवेल क्षेत्रमा खोलाको बिच भागमा जम्मा भएको नदिजन्य पदार्थ हटाई खोला च्यानलाईज गर्न मेशिन प्रयोगको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा अनुमती माग गर्ने ।

**(च)** बेलघारी सामुदायिक बन उपभोक्ता सूहले समूह भेलाको निर्णय सहित शिनपा १२ पिरापानीमा सहकारी भवन बनाउन लागेकोमा सो भवन बनाउदा डाँडो खनी सम्याउनु पर्ने सम्याउदा निस्कने माटो फाल्ने ठाउँ

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नभएकोले घडेरी बनाउँदा निस्कने माटो नियमानुसारको रोयल्टी बुझाई निकासी गर्ने अनुमती पाउँ भनि माग भई आएकोले नाँपजाच गरी नियमानुसारको रोयल्टी बुझाई निकासी गरी लैजाने अनुमती दिने ।

**(छ)** चौधौं नगरसभाबाट उपभोक्ता समितिले योजनाको कार्य सम्पन्न गरी फरफारक गर्ने समयावधि २०८१ बैशाख मसान्त सम्म तोकिएकोमा निर्माण सामाग्री तथा कामदारको समस्याका कारण सबै योजनाहरु फरफारक हुन नसकेकोले उक्त भुक्तानी गर्ने म्याद बढाई मिति २०८१ जेष्ठ मसान्त सम्म कायम गर्ने ।

**(ज)** निर्माणाधिन वडा नं. ४ को वडा कार्यालयमा सेवाग्राही हरुको चाप धेरै रहेको तर कोठा कम भएकोले सोही योजनाको घटी घटाउ हुँदा वचेको रकमबाट छिटो विधि अपनाई माथिल्लो तल्ला समेत ढलान सम्मको कार्य गर्ने ।

**(झ)** लुम्बिनी प्रदेश स्थापना दिवस मनाउने क्रममा भएको भएको खर्च र प्रधानमन्त्री माघी महोत्सवमा आउदा न.पा.को तर्फबाट झाकी प्रदर्शन गर्दा भएका खर्च नगरपालिकाको विविध शिर्षकबाट भुक्तानी गर्ने ।

**(ञ)** न्यायीक समितिले उजुरी कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ दफा ५९ मेलमिलाप कर्ताको सूचि तयार गर्ने उल्लेख भएको र सो को (क) मा कम्तीमा स्नातक उत्तीण गरेको भन्ने उल्लेख भएकोमा हाल स्थानीय स्तरमा स्नातक उत्तीण गरेको व्यक्तिहरु नरहेको र भएको भएपनि बस्न इच्छुक नहुदा सबै वडामा मेलमिलाप कर्ताको सूचि तयार गर्न नसकिएकोले स्नातक उत्तीण गरेको व्यक्ति उपलब्ध नभएमा न्यूनतम एसएलसी/एसइई उत्तीण लाई आधारमा मेलमिलाप कर्तालाई तालिममा सहभागी गराउने ।

**(ट)** शिनपा १० वर्रेमा संचालित लिफ्ट खानेपानी योजनाको मोटर बिग्री मर्मत गर्दा समेत राम्रो सँग काम नगर्ने अवस्था भएकोले उक्त योजनाको लागि नगर सभाको निर्णय अनुसार नयाँ मोटर खरिद गर्ने ।

**(ठ)** हालैको आगलागीबाट यस नगरपालिकाका विभिन्न क्षेत्रमा भएको आगलागीबाट घर गोठ जल्दा पशु चौपाया समेत मरोकोले पशु चौपाया मरेको हकमा तपशिल बमोजिमको हिसावले राहत दिने ।
भेडा/बाखा प्रति गोटा रु १५००।- भैसी प्रति गोटा रु ५०००।- गाई गोरु प्रतिगोटा रु २०००।- साथै मनसुनजन्य विपदको सन्दर्भमा नगर प्रमुख उप-प्रमुख र प्र.प्र.अ सहितको समितिले स्वीकृत गरेबमोजिम राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराउने ।

**(ड)** यस नगरपालिकाका नगर प्रमुख तथा वडा नं. ७ का वडा अध्यक्ष केही समय अघी विरामी जटिल विरामी भई उपचारको क्रममा धेरै खर्च भएकोले नगरपालिकाको तर्फबाट नगर प्रमुख लाई रु ५००००।- र वडा नं. ७ का वडा अध्यक्ष लाई रु ४००००।- उपचार खर्च आर्थिक सहायता स्वरुप उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

(ढ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालनका लागि स्थानीय तह छनौट सम्बन्धी आशय पत्र आब्हानको प्रथम पटक मिति २०८१/१/१७ मा प्रकाशित सूचना बमोजिम यस नगरपालिकाले स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा आशयपत्र देहाय बमोजिम प्रतिबद्धता सहित पेश गर्ने ।

(I) स्थानीय पूर्वाधार सहयोग कार्यक्रमसँगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरि स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समाबेशी बजेटको निर्माण गर्न यस पालिका प्रतिबद्ध रहेको छ ।

( II) स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तरिका साधन विधि अवलम्बन गर्न प्रतिबद्ध रहेको ।

( III) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा SUTRA र लेखा परिक्षण मार्फत गर्न प्रतिबद्ध रहेको ।

( IV) वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमको सह लगानीको हिस्सा तोकिएबमोजिमको प्रतिशत विनियोजन गर्न प्रतिबद्ध रहेको ।

(V) पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्न प्रतिबद्ध रहेको ।

(VI) स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मत संभारको योजना र बजेट तर्जुमा गर्न प्रतिबद्ध रहेको ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत